# सीप, दक्षता र रोजगारीः युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावनाः**

युवाहरूमा सीप र दक्षताको विकास गरी रोजगारी सिर्जना एवम् प्रवर्धनका साथै उद्यमशीलता विकास गर्नको लागि गण्डकी प्रदेश सरकारको नीति र कार्यक्रम तथा प्रथम पञ्चवर्षीय योजनाले गरेको युवा विकास तथा परिचालन सम्बन्धी उद्देश्य समेत हासिल गर्न **सीप, दक्षता र रोजगारीः युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी** कार्यक्रम राखिएको हो ।

व्यवसायिक रूपमा उद्योग व्यवसाय, जनशक्ति उत्पादन र प्रशिक्षण, पर्या-पर्यटन तथा साहसिक खेल, युवा नवप्रवर्तन लगायतका कार्यक्रमको लागि अनुदान सहयोग रकम उपलब्ध गराउन युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशबाट प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को अधिनमा रही यो मापदण्ड तयार गरिएको हो ।

**१. उद्देश्यः**

क. युवाहरूलाई उत्पादनमूलक उद्यम तथा व्यवसायमा आकर्षित गरी युवा पलायन रोक्ने,

ख. युवा तथा खेलाडीहरूमा सीप, दक्षता अभिवृद्धि गर्दै पेसा, व्यवसाय वा रोजगारीमा संलग्न गराउने ।

**२. परिभाषाः**

क. **उद्यम** भन्नाले व्यवसायिक रूपमा कृषि, पशुपंक्षी तथा मत्स्यपालन, सीपमा आधारित उद्योग व्यवसाय, जनशक्ति उत्पादन र प्रशिक्षण, पर्या-पर्यटन तथा साहसिक खेल, युवा नवप्रवर्तन लगायतका वस्तु तथा सेवाको उत्पादन तथा प्रशोधन गर्ने उद्यम भन्ने सम्झनु पर्छ ।

ख. **मन्त्रालय** भन्नाले युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश भन्ने सम्झनु पर्छ ।

ग. **युवा** भन्नाले राष्ट्रिय युवा परिषद् ऐन २०७२ अनुसार १६ देखि ४० वर्षसम्मको नेपाली नागरिक सम्झनु पर्छ ।

घ. **स्थानीय तह** भन्नाले उद्यम सञ्चालनमा रहेको स्थानीय तह भन्ने सम्झनु पर्छ ।

ङ. **लक्षित समूह** भन्नाले वैदेशिक रोजगारबाट फर्केका, उद्यममा आबद्ध खेलाडी तथा विशेष प्रतिभा प्रदर्शन गरेका युवालाई सम्झनु पर्छ ।

**च. लाभग्राही** भन्नाले यस कार्यविधि बमोजिम सहयोग प्राप्त गर्ने संस्थालाई सम्झनु पर्छ ।

**छ. संस्था** भन्नाले सहयोगको लागि आवेदन दिने फर्म, समूह, संस्था, समिति वा कम्पनी जस्ता दर्तावाल संस्थालाई सम्झनु पर्छ ।

**३. प्रस्ताव माग गर्नेः** (१) सीप, दक्षता र रोजगारीः युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा २१ दिनको म्याद राखी सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत प्रकाशन गरिनेछ ।

४. **प्रस्ताव पेश गर्नेः** (१) सीप, दक्षता र रोजगारीः युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी कार्यक्रममा सहभागी हुन इच्छुक संस्थाले **अनुसूची-१** बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) प्रस्ताव पेश गर्ने प्रक्रिया र समयावधि सूचनामा तोकिए बमोजिम हुनेछ ।

(३) संस्थाले उपदफा (१) वमोजिमको प्रस्ताव देहायका कागजात सङ्लग्न गरी पेश गर्नुपर्नेछ।

(क) संस्था दर्ता तथा नवीकरण सम्बन्धी प्रमाण-पत्र को प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर (PAN) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्यम सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) उद्यमको लागि प्रयोग गरिने जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण अथवा लिजमा लिएको प्रमाण,

(ङ) उद्यम प्रबर्धन कार्यक्रम,

(च) सम्बन्धित स्थानीय तहको सिफारिस,

(४) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने संस्थामा युवाहरुको समेत सहभागिता भई सञ्चालन भएको हुनुपर्नेछ ।

(५) यस कार्यक्रममा सहभागी हुन चाहने संस्था गण्डकी प्रदेशमा स्थापना भई सञ्चालनमा रहेको हुनुपर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कनका आधारहरुः** (१) दफा ४ को उपदफा (१) वमोजिम प्राप्त हुन आएका प्रस्ताव छनौटका आधारहरू देहाय वमोजिम हुनेछन् ।

क. उद्यम सुधारको कार्यक्रम
ख. उपलब्ध जग्गा र भौतिक पूर्वाधार
ग. लक्षित समूह
घ. रोजगारी सिर्जनाको अवस्था
ङ. उद्यम सम्बन्धी अध्ययन वा तालिम
च. उद्यम सञ्चालन भएको अवधि
छ. भौगोलिक क्षेत्र

(२) मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन **अनुसूची २** बमोजिम हुनेछ ।

६. **प्रस्ताव मूल्याङ्कन तथा सिफारिसः** (१) दफा ४ को उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क) युवा क्षेत्र हेर्ने महाशाखा प्रमुख | संयोजक |
| ख) मन्त्रालयबाट मनोनित सम्बन्धित क्षेत्रका विज्ञ | सदस्य |
| ग) कानुन अधिकृत, | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) सम्बन्धित कार्यक्रम हेर्ने अधिकृत | सदस्य सचिव |

(२) छनौट समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका अन्य विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(३) प्रस्तावको छनौट गर्नुभन्दा अघि मन्त्रालयले उद्यमको स्थलगत अनुगमन निरीक्षण गरी गराई दफा

५ बमोजिमका छनौट सम्बन्धी आधारहरूका विषयमा प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (१) वमोजिमको मूल्यांकन तथा सिफारिस समितिले दफा ५ बमोजिमका आधारमा प्रस्ताव मूल्यांकन गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

**७. छनौट सम्बन्धी निर्णय र सीमाः** (१)दफा ६ को उपदफा (४) बमोजिम मूल्यांकन तथा सिफारिस समितिले अनुसूची २ बमोजिमका आधारमा मूल्याङ्कन गरी निर्णयका लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) सहयोग रकम अधिकतम रु ५(पाँच) लाखसम्म हुनेछ ।

**८. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः** (१) दफा ७ बमोजिम कार्यक्रम र बजेट स्वीकृत भए पश्चात् सहयोग प्राप्त गर्ने संस्थाले उद्यम प्रवर्धन योजना अनुसार मन्त्रालयसँग अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा सहयोगको रकम, समय र प्रक्रिया तथा संस्थाले गर्नुपर्ने उद्यम, राख्नुपर्ने लेखा, प्रतिवेदन आदि विषयहरू समेटिनेछ ।

(३) छनोट भएको संस्था तोकिएको समयभित्र कारणवश सम्झौता गर्न नआएमा मन्त्रालयले निर्णय गरी बैकल्पिक संस्थासँग सम्झौता गर्न सक्नेछ।

**९. सहयोग प्रदान गर्ने सम्बन्धी व्यवस्थाः** (१) स्वीकृत प्रस्तावको लागि उपलब्ध गराईने रकम मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसमा मन्त्रालयको निर्णय बमोजिम हुनेछ ।

**१०. लागत साझेदारी सम्बन्धी व्यवस्थाः** सहयोग प्राप्त गर्ने संस्थाले साझेदारीको रुपमा मन्त्रालयबाट प्राप्त हुने रकमको कम्तीमा तीस प्रतिशत रकम लागत साझेदारी गर्नुपर्नेछ।

**११. विवरण सार्वजनिक गर्नुपर्नेः** दफा ७ बमोजिम उद्यमको लागि सहयोग प्राप्त गर्ने लाभग्राही र प्रदान गरिने रकम सहितको विवरण मन्त्रालयले सार्वजनिक गरी सोको जानकारी लाभग्राहीलाई दिनुपर्नेछ ।

**१२. कार्यक्रम संचालनः** दफा ८ बमोजिम सम्झौता भएको १५ दिनभित्र सम्बन्धित सहयोग लिने संस्थाले सम्झौता बमोजिमको कार्य प्रारम्भ गर्नुपर्नेछ र सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

**१३. प्रस्तावित उद्यम तथा व्यवसायहरूः** व्यवसायिक रूपमा कृषि, पशुपंक्षी तथा मत्स्यपालन, सीपमा आधारित उद्योग व्यवसाय लगायत अन्य वस्तु तथा सेवाको उत्पादन तथा प्रशोधन एवम् दक्ष जनशक्ति उत्पादन र प्रशिक्षण, संस्कृति तथा वातावरण संरक्षण तथा जगेर्ना, पर्या-पर्यटन तथा साहसिक खेल, युवा नवप्रवर्तन लगायतका वस्तु तथा सेवाको उत्पादन तथा प्रशोधन गर्ने जस्ता उद्यम तथा व्यवसायको लागि प्राथमिकताको आधारमा सहयोग उपलब्ध गराइनेछ ।

**१४. सहयोग प्रदान सम्बन्धी व्यवस्थाः** (१) दफा ८ बमोजिम सम्झौता अनुसारको रकम सम्वन्धित लाभग्राही संस्थाको वैङ्क खातामा प्रदान गरिनेछ ।

(२) सहयोग वापतको रकम कार्य प्रगतिको आधारमा सक्कल बिल भरपाई पेस भएपश्चात बढिमा दुई किस्तामा उपलब्ध गराइनेछ।

(३) सहयोग वापत लिएको रकम तोकिएको योजना वा कार्यमा प्रयोग नगरेमा नियमानुसार असुल उपर गरिनेछ ।

(४) कुनै कारणबाट तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेमा अथवा अन्य कुनै क्षति भएमा त्यसको जिम्मेवार सम्बन्धित संस्था स्वयम् नै हुनेछ ।

(५) सहयोग सम्बन्धी अन्य व्यवस्था सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**१५. लाभग्राहीले पालना गर्नुपर्ने शर्तहरुः** यस कार्यक्रममा सहयोग प्रदानको लागि छनौट भएका संस्थाहरूले देहाय बमोजिमका सर्तहरू पालना गर्नुपर्नेछ ।

क. संस्थाले पेस गरेको उद्यम सुधार कार्यक्रम अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।

ख. आर्थिक कारोबार बैंकिङ प्रणालीमार्फत  गर्नुपर्नेछ,

ग. संस्थाको हरहिसाब स्वीकृत लेखा प्रणाली अनुसार राख्नुपर्नेछ,

घ. अन्तिम भुक्तानीको लागि सहयोग रकमबाट भएको खर्च सम्बन्धी सक्कल स्रेस्ता मन्त्रालयमा पेश गर्नुपर्नेछ,

ङ. भौतिक संरचनाको निर्माण तथा खरिद सम्बन्धी कार्य प्रचलित कानुनको अधिनमा रही गर्नुपर्नेछ ।

**१६. कार्यक्रम अनुगमनः** (१) कार्यक्रमको अनुगमन मन्त्रालयले गर्नेछ ।

(२) अनुगमनको सिलसिलामा मन्त्रालयका पदाधिकारी तथा कर्मचारीबाट दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी उद्यम सञ्चालन गर्ने संस्थाको हुनेछ ।

(३) अनुगमन, सहायता र परामर्शमा लाग्ने खर्च स्वीकृत मापदण्ड अनुसार हुनेछ ।

**१७. प्रगति प्रतिवेदनः** सहयोग प्राप्त गर्ने संस्थाले उद्यमको व्यवस्थापन तथा आर्थिक पक्ष समेत समेटेर अनुसूची ४ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१८. अन्य व्यवस्थाः** यस मापदण्डमा उल्लेख नभएका व्यवस्थाहरूको हकमा गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" र प्रचलित कानून बमोजिम हुनेछ ।

**१९. बाधा अड्काउ फुकाउ तथा संशोधनः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा वा संशोधन एवम् हेरफेर गर्न आवश्यक परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

### (दफा ४ को (१) सँग सम्बन्धित)

### सहयोग माग गर्नका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१. संस्थाको नाम र ठेगानाः ................ ..................... ................

जिल्ला ........... न.पा./गा.पा. ........................................नं वडा ......... टोलः ........

२. संस्थाको संस्थापक सदस्यहरूः

| सि.नं. | नाम थर | ठेगाना र नागरिकता नं | सम्पर्क नं | लगानीको हिस्सा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

३. सम्पर्क व्यक्तिको नाम र पदः......... .................. ...........सम्पर्क नंः .........................

इमेल ठेगानाः .......................... ............................

४. उद्यम विषय क्षेत्रः ............................

५. उद्यमका मुख्य गतिविधिः ....................... ......................... .................... ...... ........ .................... ................... ................... .................

६. भौतिक संरचना तथा जग्गा (क्षेत्रफल) ...................

७. प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी अध्ययन वा तालिमको विवरणः ............. .............

८. प्राविधिक तथा व्यवसायिक संरक्षक भएमा, नाम र सम्पर्कः ..... ......... ............ ............. ......... ......... ............. .......... ............. ......... ...........

८. उत्पादनको बजारः ........................ ..................... ................. ................

९. लगानीका क्षेत्र, लाग्ने रकम आदि पक्षहरू उद्यम सुधार कार्यक्रममा समेट्ने ।

यस प्रस्तावमा म/हाम्रो संस्थाले पेस गरेका कागजात तथा विवरणहरू ठीक साँचो हुन् एवम् गत दुई वर्षमा प्रदेश सरकारबाट कुनै पनि अनुदान सहयोग प्राप्त नगरेको स्वघोषणा गर्दछु/गर्दछौं ।

नामः............................ पदः ................ सम्पर्क नं. ................

हस्ताक्षरः संस्थाको छापः

## अनुसुची २

## प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क विभाजन
## (दफा ५ को (२) सँग सम्बन्धित)

दफा ५ बमोजिमका प्रस्ताव मूल्याङ्कनका आधारहरुको अङ्क विभाजन तपसिल बमोजिम हुनेछ

| सि.नं. | मूल्याङ्कनका आधार | अङ्क | अङ्क दिने मापदण्ड |
|---|---|---|---|
| १ | उद्यम सुधार कार्यक्रम | २० | मूल्याङ्कन समितिले उत्पादनमा हुनसक्ने बृद्धि, उत्पादनका क्षेत्रको विस्तार, आधुनिकीकरण, दीगोपनको लागि प्रति आधार ५ अङ्कको दरले मूल्याङ्कन गर्ने । |
| २ | उपलब्ध जग्गा र भौतिक पूर्वाधार | २० | उद्यमको लागि आवश्यक जग्गा, भवन, प्रविधि/उपकरण र उद्यम सम्बन्धी पूर्वाधारको लागि प्रति आधार ५ अङ्कको दरले मूल्याङ्कन गर्ने । |
| ३ | लक्षित समूह वापत | २० | लक्षित समूहद्वारा सञ्चालित संस्था, २०<br>युवा सम्मिलित संस्था, १५<br>युवालाई रोजगारी प्रदान गरेका अन्य संस्था, १० |
| ४ | रोजगारी सिर्जनाको अवस्था | २० | प्रति १ जना रोजगारीको २ अङ्कका दरले । खेलाडीलाई रोजगारी प्रदान गरेकोमा प्रति खेलाडी ४ अङ्क । |
| ५ | भौगोलिक क्षेत्र | १० | क वर्गको लागि १० अङ्क<br>अन्य वर्गको लागि ५ अङ्क<br>(निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को अनुसूची १६ बमोजिम) |
| ६ | उद्यम सञ्चालन भएको अवधि | ५ | प्रति एक वर्षको लागि एक अङ्कका दरले । |
| ७ | उद्यम सम्बन्धी अध्ययन वा तालिम | ५ | विषयगत योग्यता वापत- ३ अङ्क<br>तालिम वापत- २ अङ्क (कम्तीमा ३ कार्यदिने तालिम हुनुपर्ने) |
|  | जम्मा | १०० |  |

## अनुसूची ३

## सम्झौताको ढाँचा

## (दफा ८ को (१) सँग सम्बन्धित)

……… जिल्ला …….. ……………. …..नगरपालिका/गाउँपालिका वडा नं. ……, ………………………… स्थित ……………………………………. र युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशका बीचमा कार्यक्रम सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१. संस्थाको नामः ……………………….

२. ठेगानाः …………………………………….

३. उद्यम सञ्चालन हुने स्थलः …………………………..

४. कार्यक्रम सुरु हुने/भएको मितिः ……………….

(ख) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रुः………………। (अक्षरेपी……………………………) मात्र

२. लागत व्यहोर्ने स्रोतहरूः

२.१. युवा तथा खेलकुद मन्त्रालयः रु……………. …….

२.२. सम्बन्धित संस्थाः रु …………………….

२.३. अन्य स्रोतबाटः रु …………….

(ग) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरणः

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

माथि उल्लेखित व्यवस्था र शर्त अनुसार आयोजना कार्यान्वयन गर्न गराउन हामी निम्न पक्षहरू मन्जुर गर्दछौं ।

**<u>संस्थाको तर्फबाट</u>**

दस्तखतः

नाम थरः ……………..

सम्पर्क नः …………….

छाप

**<u>मन्त्रालयको तर्फबाट</u>**

दस्तखतः

नाम थरः

छाप

## अनुसूची ४

## प्रगति प्रतिवेदनको ढाँचा

## (दफा १७ सँग सम्बन्धित)

१. संस्थाको नामः ................ ..................... ................ सम्पर्क नं ............................

जिल्ला ........... न.पा./गा.पा. ........................................नं वडा .......... टोलः ........

२. उद्यम/कार्यक्रमको नामः ....................... ...................... ..........

३. यस आ.ब.मा भएका मुख्य मुख्य कार्यहरूः

| सि.नं. | कामको विवरण | कामको परिमाण | भएको खर्च | प्राप्त उपलब्धि वा नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

४. यस बर्ष भएको थप रोजगार सिर्जनाको विवरणः ................ ............ ..................

५. प्राविधिक विज्ञ र व्यवसायिक संरक्षकबाट प्राप्त सेवा तथा परामर्शको विवरणः ..... .........

.............. .............. .......... ......... .............. .......... ............. ......... ...........

६. उत्पादनको बजार तथा विक्रीवितरणको अवस्थाः

| सि.नं. | उत्पादित सामग्री को विवरण | उत्पादनको मात्रा | बिक्रीको परिमाण | भएको आम्दानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

७. आगामी कार्ययोजनाको विवरणः

| सि.नं. | कामसम्बन्धी विवरण | परिमाण | लाग्ने खर्च | अपेक्षित नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

८. प्रगति सम्बन्धी थप विवरणः ..................... ..................... .....................

.................... ......................... ......................... ................. ...............

नामः............................. पदः .................

हस्ताक्षरः संस्थाको छापः